
# लेखापरीक्षण प्रतिवेदन

## गौमुखी गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गौमुखी गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/600

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
गौमुखी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्युठान ।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ३ लाख ६६ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१० लाख ५ हजार, एकिकृत स्वास्थ पुर्वाधार कार्यक्रमको रु.५ करोड ९३ लाख ७२ हजार र राष्ट्रपति महिला सशक्तिकरणको कार्यक्रमको रु.८ लाख ८४ हजार समेत गरी रु.१७ करोड १६ लाख २७ हजार सुत्रमा लेखाङ्कन गरेको छैन ।

२. गाउँपालिकाको रु.१ अर्व १८ करोड ६७ लाख ४ हजारको लेखापरीक्षण गरिएकोमा रू. ३ करोड १८ लाख ३८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.६२ लाख १३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई प्रतिक्रियावाट बेरुजु थप रु.११ हजार समेत बाँकी बेरुजु असुल गर्नुपर्ने रु.१३ लाख ९९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१५ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ८ लाख ९१ हजार र पेश्की बाँकी १७ लाख ९५ हजार रहेको छ।गत वर्षसम्म सम्परीक्षण पश्चात रु.६ करोड ३४ लाख ५५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.८ करोड ९० लाख ९१ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.नेपाल सरकारबाट प्राप्त ससर्त अनुदान रू.१९ करोड ४० लाख ७७ हजार, समपुरक अनुदान रू. ५० लाख र विशेष अनुदान रू. ८० लाख समेत रू.२० करोड ७० लाख ७७ हजार प्राप्त भएकोमा बर्षान्तमा खर्च हुन नसकि रु.४७ लाख ५४ हजार बचत रहेकोमा उक्त रकम मिति २०८०।६।१३ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ ।

४.गाउँपालिकाले स्थिर सम्पत्तिको खुलासा गरेको छैन । सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेका कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गौमुखी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गौमुखी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

(रु हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४९ | ५३ | ३१८३४ | ० | ३१ | ६२१३ | १२ | ४९ | २२ | २५६३६ | १३९९ | २०८९१ | १५५१ | ० | ० | २२४४२ | १७९५ |

### अद्यावधिक बेरुजू स्थिति

(रु हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| प्युठान | ९२७६५ | 0 | २९३१० | ६३४५५ | 0 | २५६३६ | ८९०९१ |

बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ७४ | रेडियो सन्देश | १,००,००० |
| २ | २०८०/८१ | ४३ | भरपाई नभएको तथा वढी भुक्तानी | १०,१७,३७५ |
| ३ | २०८०/८१ | ४७ | बढी भुक्तानी | ६०,००० |
| ४ | २०८०/८१ | ४२ | फिल्ड भत्ता | ६,००० |
| ५ | २०८०/८१ | ४० | फिल्ड भत्ता | ५,५०० |
| ६ | २०८०/८१ | ४८ | पारीश्रमिक कर | ६,९६० |
| ७ | २०८०/८१ | ५४ | पाठयपुस्तक अनुदान बढी निकासा | १,२३,९३० |
| ८ | २०८०/८१ | ५७ | नि:शुल्क विशेषज्ञ स्वास्थ्य शिविर कार्यक्रम | २,८५० |
| ९ | २०८०/८१ | ४६ | दिवाखाजा बढी निकासा | ५३,२४० |
| १० | २०८०/८१ | ७३ | कार्यक्रम नर्म्स | १९,३२५ |
| ११ | २०८०/८१ | ६३.१ | उपभोक्ता समितिको काम | ३२,९१३ |
| १२ | २०८०/८१ | ५० | अग्रीम कर | ६,११० |
| १३ | २०८०/८१ | ४१ | अग्रीम कर | ५,३०५ |
| १४ | २०८०/८१ | ६५ | अग्रिम कर | १९,८७५ |
| १५ | २०७९/८० | ३७ | बिद्यालयको जिन्सी ब्यबस्थापन | ६,४७,००० |
| १६ | २०७९/८० | ४५ | बढि भुक्तानी | ६,१६० |
| १७ | २०७९/८० | ३४ | प्राबिधिक कार्य मुल्यांकन | ७,९५,९९५ |
| १८ | २०७९/८० | ३९ | पेश्की बाँकी | १५,९२,७२५ |
| १९ | २०७९/८० | ४८.२ | निर्माण कार्यमा बिमा ब्यबस्था | ५१,५६५ |

| | | | | |
|---|---|---|---|---|
| २० | २०७९/८० | ४३ | नन् फाइलर | ८०,२०० |
| २१ | २०७९/८० | ४७ | जे सि बि प्रयोग गर्ने काममा निर्माण ब्याबसायी | ३८,५४,७९७ |
| २२ | २०७९/८० | २९ | कार्य सम्पन्न पश्चात बिमा गरेको | ५०,००० |
| २३ | २०७९/८० | ३१ | उपभोक्ता समितिलाइ मुल्य अभिबृद्धि कर | १३,९१२ |
| २४ | २०८०/८१ | ३ | शसर्त अनुदान फिर्ता | ४७,५३,६५६ |
| २५ | २०७९/८० | विभिन्न | शिक्षकको तलव भत्ता अनुदान | २,१५,०४,१३७ |
| २६ | २०७९/८० | २३ | कर्मचारी प्रोत्साहन भत्ता | ७,१३,१०० |
| जम्मा | | | | ३,५५,२२,६३० |

# (८०५५५५०२३०० - गौमुखी गाउँपालिका, प्युठान )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल १३९.०४ वर्ग किलोमिटर तथा २५९८० जनसंख्या रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१८ देखि २०८१।६।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.१ अर्व १८ करोड ६७ लाख ४ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ९०४९७४९२ | ८४३३९३०५ |
| १३००० | अनुदान | ३१९३५९६३३ | ३४१४१८२६८ |
| १४००० | अन्य राजस्व | ८४६८१२२ | ५९१३१२४ |
| १५००० | विविध प्राप्ति | ३३५२५८ | १७८८८९ |
| क | कुल जम्मा प्राप्ति | ४१८६६०५०६ | ४३१८४९५८६ |
| ३ | चालु | ३२८५२२६१३ | ३०७१००५२४ |
| २१००० | पारिश्रमिक / सुविधा | २१०९१५००१ | १८६७८२४९८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १०७५६४८२० | ९७१९६४३४ |
| २५००० | सहायता (Subsidy) | ६४४२३९ | ८९६५०० |
| २६००० | अनुदान | ० | १३४४२१०१ |
| २७००० | सामाजिक सुरक्षा | ८२५७५०३ | ६८९०३९० |
| २८००० | अन्य खर्च | ११४१०५० | १८९२६०० |
| ४ | पूंजीगत | ८९९२८४६० | १६३५२९२३९ |
| ३१११० | भवन तथा संरचना | १०२७७०३० | २८८३७५४० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ७७९४३०५ | १६६९९६७३ |
| ३११३० | अन्य पूँजीगत खर्च | २०६९४७६ | १९९१७६४ |
| ३११४० | सुरक्षा उपकरण | ० | १२९६०३२ |
| ३११५० | सार्वजनिक निर्माण | ६९६८८३५७ | १११५८५६८६ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ९९२९२ | ६३२१३३ |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | २४८६४११ |
| ख) | कुल जम्मा भुक्तानी | ४१८४५१०७३ | ४७०६२९७६३ |
| ग) | बचत /कमी (ग = क-ख ) | २०९४३३ | -३८७८०१७७ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १८६१२९५ | -१४९४०२८ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -७८८७२ | |

| | | | |
|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | २०७०७२८ | -४०२७४२०४ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १५३४१६०६ | ५५६१५८११ |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १७४१२३३४ | १५३४१६०६ |

संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | एकिकृत स्वास्थ पुर्वाधार कार्यक्रम | ५९३७२००० | १ | एकिकृत स्वास्थ पुर्वाधार कार्यक्रम | ५९३७२००० |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १००५००० | २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १००५००० |
| ३ | सामाजिक सुरक्षा तथा संरक्षण | ११०३६६४४० | ३ | सामाजिक सुरक्षा तथा संरक्षण | ११०३६६४४० |
| ४ | राष्ट्रपति महिला सशक्तिकरण | ८८४८४४ | | राष्ट्रपति महिला सशक्तिकरण | ८८४८४४ |
| | जम्मा | १७१६२८२८४ | | जम्मा | १७१६२८२८४ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **शसर्त अनुदान फिर्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,७५३,६५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिएकोले पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनु पर्ने देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत कुल खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३८७८०००० | २९४१६२६० | ७.०३ |
| २ | सामाजिक विकास | २५०५२८००० | २३७६०५४९३ | ५६.७८ |
| ३ | पूर्वाधार विकास | ७१८८०००० | ५९५११०६२ | १४.२२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६५००००० | ५५१६४४६ | १.३२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९०३८८७१८ | ८६४०१८११ | २०.६५ |
| | जम्मा | ४५८०७६७१८ | ४१८४५१०७३ | १००. |

५ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले सम्पूर्ण आर्थिक कारोवारको लेखा राख्दा सुत्रको गर्नुपर्दछ। सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा

संरक्षणको रु.११ करोड ३ लाख ६६ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१० लाख ५ हजार, एकिकृत स्वास्थ पुर्वाधार कार्यक्रमको रु.५ करोड ९३ लाख ७२ हजार र राष्ट्रपति महिला सशक्तिकरणको कार्यक्रमको रु.८ लाख ८४ हजार समेत गरी रु. १७ करोड १६ लाख २८ हजार सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

६ **बैङ्क हिसाव विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन र निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

| बैंकको नाम | खाताकोप्रकार | श्रेस्ताअनुसार बाकी रु | बैंकअनुसार बाकी रु |
|---|---|---|---|
| नेपाल एस बि आई बैंक लि. | ग१.१, आन्तरिक राजस्व खाता | १४२३२४.९८ | १८,५७,१५१.१२ |
| नेपाल एस बि आई बैंक लि. | ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | २३०८९८. | २,३७,८२२.०१ |
| नेपाल एस बि आई बैंक लि. | ग२.१, चालू खर्च खाता- विजोर वर्ष | -१००. | ५,६७,१९१.६९ |
| नेपाल एस बि आई बैंक लि. | ग२.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | १२२५०००. | ५३,२८,०७१.०० |
| नेपाल एस बि आई बैंक लि. | ग२.७, विविध खर्च खाता | ११९०४२. | ७१,४५९.०० |
| नेपाल एस बि आई बैंक लि. | ग३.१, स्थानीय तह धरौटी खाता | ९०६६२७२. | ९०,६६,२७२.०० |
| नेपाल एस बि आई बैंक लि. | ग४.१, स्थानीय तह सञ्चित कोष खाता | १२८२०९३६.२३ | १,९४,२२१.७४ |
| नेपाल एस बि आई बैंक लि. | ग६.१, स्थानीय तह विभाज्य कोष खाता | ३७८१७५. | ३,७८,१७५.०० |
| नेपाल एस बि आई बैंक लि. | ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३८१६१३. | ० |
| जम्मा | | २४३६४१६१.२१ | १,७७,००,३६३.५६ |

पालिकाको श्रेस्ताले देखाएको वाँकी रु.२ करोड ४३ लाख ६४ हजार रहेकोमा बैंक वाँकी रु.१ करोड ७७ लाख रही रु६६ लाख ६३ हजार श्रेस्तामा भन्दा बैकमा कम मौज्दात देखिएको सम्वन्धमा हिसाव एकिन गरेको देखिएन । म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्क बीच हिसाव मिलान गर्नुपर्दछ ।

७ **सञ्चित कोषमा स्थानान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खाता, पुँजीगत खाता, आन्तरिक राजश्व खाता, राजश्व बाँडफाँड खातामा उल्लेखित अनुसार मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

८ **दायित्व भुक्तानी**

पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ। पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा गरिएका विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु.७८ हजार ८७२ देखाएको छ। यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,८७२ |

९ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८०।३।१० मा रु.४५ करोड ८० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२३ मा पारित भएको छ। यसैगरी स्थानीयतहका अध्यक्षले मिति २०८०।३।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## १० योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल ११९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ११९ | १२ | १४ | ९३ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

## ११ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. १७ लाख ५० अबण्डा बजेट व्यवस्था गरी पछि विभिन्न योजनामा खर्च गरेको छ। कानूनी आधारबेगर लेखेको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## १२ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.१ करोड ७० लाख २८ हजार भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

## १३ त्रैमासिक खर्चः

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा क्रमस: शुन्य र २.३१ प्रतिशत, तेस्रो त्रैमासिकमा २०.४४ तथा चौथो त्रैमासिकमा ७७.२४ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ४८.१६ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | पूँजिगत खर्चतर्फ | ८९९२८ | ० | २०८० | १८३८५ | ६९४६२ | ४३३०९ |
| २ | प्रतिशत | | ० | २.३१ | २०.४४ | ७७.२४ | ४८.१६ |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ७७.२४ प्रतिशत तथा आषाढ महिनामा ४८.१६ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

## १४ वार्षिक लक्ष्य तथा प्रगति

स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिक रुपमा तोकिएको लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्दछ । कार्यालयले यस बर्ष पुँजिगत तर्फ रु.११ करोड ११ लाख ३८ हजार वजेट व्यवस्था भएकोमा भएको रु.८ करोड ९९ लाख २८ हजार (वजेटको तुलनामा ८०.९१ प्रतिशत) खर्च भएको छ । वजेट विनियोजन अनुसार खर्च प्रगति उल्लेखनीय रहेको छ ।

| विवरण | वजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| पूंजीगत | ११, ११ , ३८ , ०००.०० | ८, ९९ , २८ , ४६०.०० | ८०.९१ |
| ३११११ आवासीय भवन निर्माण/खरिद | १०, ०० , ०००.०० | १०, ०० , ०००.०० | १०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ८०, ०० , ०००.०० | ७९, ७७ , ०३०.०० | ९९.७१ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १३, ०० , ०००.०० | १३, ०० , ०००.०० | १०० |
| ३११२१ सवारी साधन | १९, ८० , ०००.०० | ० | ० |
| ३११२२ मेशिनरी तथा औजार | ६६, २३ , ०००.०० | ६४, ९५ , ८८२.०० | ९८.०८ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २३, २५ , ०००.०० | १२, ९८ , ४२३.०० | ५५.८५ |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ६, ०० , ०००.०० | ५, ७४ , ४८६.०० | ९५.७५ |
| ३११३५ पूँजीगत परामर्श खर्च | १५, ०० , ०००.०० | १४, ९४ , ९९०.०० | ९९.६७ |
| ३११५१ सडक तथा पूल निर्माण | ४, ८५ , ३० , ०००.०० | ३, ८८ , २९ , ६२८.०० | ८०.०१ |
| ३११५३ विद्युत संरचना निर्माण | १, ०० , ०००.०० | ० | ० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ११, ०० , ०००.०० | ८, ९९ , १०२.०० | ८१.७३ |
| ३११५५ सिंचाई संरचना निर्माण | १, २१ , ०० , ०००.०० | ८९, ४२ , ६७०.०० | ७३.९१ |
| ३११५६ खानेपानी संरचना निर्माण | १, ०८ , ०० , ०००.०० | ८३, ६६ , ६७५.०० | ७७.४७ |
| ३११५८ सरसफाई संरचना निर्माण | ९, ०० , ०००.०० | ८, ८९ , ९२४.०० | ९८.८८ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | १, ४१ , ८० , ०००.०० | १, १७ , ६० , ३५८.०० | ८२.९४ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १, ०० , ०००.०० | ९९,२९२.०० | ९९.२९ |

## १५ योजना तथा वजेट कार्यान्वयन

योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा

पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१४ करोड ४३ लाखको खरिद गुरुयोजना बेगर गरेको छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाकोको निर्णयबाट रु. २ करोड १३ लाख ५ हजार मिति २०८०।१०।६ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ४.६५ प्रतिशत हुन्छ।सुरुवजेटको योजना संसोधन तथा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। साथै रकमान्तर गरेको रकम मध्ये ५ योजनामा रु. ३० लाख खर्च गरेको छैन।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।

१६ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायीक समितिमा गतवर्षको वाँकी नरहेको यस वर्षको १३० मध्ये सवै फर्स्यौट भई वाँकी रहेको छैन ।

१७ **कानुन निर्माण तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १४ वटा ऐन समेत नियमावली तथा कार्यबिधि ७६ स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वियन भएको देखिदैन ।

१८ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ को दफा बमोजिम यस पालिकाकामा कार्यरत १ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले पदाधिकारी कर्मचारी भ्रमण तथा अनुगमन वापत रु.११ लाख ७६ हजार खर्च लेखेकोमा भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको

पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
• पालिकाले कन्टीन्जेन्सी खर्चको अभिलेख राखेको छैन।
• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१९ **खर्च वृद्धि**

तपसिलका चालु प्रकृतिका काम खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले खर्च वृद्धि भएकोमा सोको कारण खुलाएको छैन। यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

(रु.हजारमा)

| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च | घट वढी प्रतिशत | वृद्धिको कारण |
|---|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | ७९३९ | ११११५८ | ४०.५५ | |
| २ | मसलन्द | ३४१३ | ४२८७ | २५.६१ | |
| | जम्मा | २०२२९ | २३८८८ | १८.०९ | |

२० **सेवाप्रवाहको स्थिति :**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।

| विवरण | जम्मा |
|---|---|
| नागरिकता सिफारिस | १३७५ |
| नाता प्रमाणित | ४३६ |
| व्यक्तिगत घटना दर्ता | १८०८ |
| अन्य सिफारिस | १५२६ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा प्रवाहको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

२१ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई लागि रु. ५ लाख ९६ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

२२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविधतर्फ रु.१९ लाख ९४ हजार १७४ खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२३ **सार्वजनिक परीक्षण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। पालिकाले सार्वजनिक परीक्षणअन्तर्गत योजना संचालन, कार्यान्वियन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाइ पालना गरेको देखिएन। योजनाको सार्वजनिक परीक्षण तथा भौतिक र बित्तिय प्रतिबेदन सम्बन्धी ढाँचामा आबश्यक सबै बिबरण पुरा नभरी समितिका पदाधिकारी र लाभग्राही समेतले दस्तखत गरेतापनी पुरा बिबरण नभरेको अवस्थाले योजनामा सार्वजनिक परीक्षण अवलम्वन गरेको भन्न मिलेन। केही ठूला योजनाहरूमा छनौटबाट सामाजिक परीक्षणको व्यवस्था समेत अवलम्वन गर्नुपर्नेमा बाह्य निकायबाट सो प्रक्रिया पनि यो वर्ष कार्यान्वियन भएको देखिएन। पालिकाबाट संचालित सबै पुजिगत एवं चालु योजनामा निर्देशिकाले तोके बमोजिम सबै बिबरण भरी तोकेको ढाँचा अनुरुप सार्वजनिक परिक्षण गराउनु पर्ने देखिन्छ ।

२४ **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। तर पालिकाले विभिन्न पदमा २३ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.१ करोड ११ लाख १८ हजार खर्च लेखेको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक अ.न.मी., अहेव, ईन्जीनियर, असिस्टेन्ट सव इन्जिनियर, सव इन्जिनियर, समेत २२ जना करार कर्मचारीको बिगत बर्षदेखि म्याद थप गरी यस बर्ष तलब भत्ता बापत रु.९७ लाख ८९ हजार ७४४ भुक्तानी गरेको छ। दरवन्दी रिक्त रहेकोले करारमा भर्ना गरिएको पालिकाले जनाएको छ । साथै दरबन्दी बाहेकको एक कार्यालय सहायकमा कर्मचारी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजको तलब भत्तामा रु३ लाख २५ हजार खर्च गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,२५,००० |

२५ **.स्थानीय तहहरुका निर्माण कार्यमा गुणस्तर व्यवस्थापन**

यस स्थानीय तहले ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा सडक, सिचाइ, खानेपानी, भवन, निर्माण आदि रु.९ करोड ४७ लाखको कार्य गराउँदा निर्माण सामाग्री परीक्षण गराएको पाइएन ।साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिएन ।अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन । यसमा सुधार गर्नु पर्दछ ।

२६ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।साथै नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन वमोजिम पाउने उपदान, निवृत्तिभरण, औषधिउपचार लगायतका सम्पुर्ण सुविधा यसै कोषट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकामा ४ जना स्थानीय सेवाका कर्मचारीहरु कार्यरत भएका र उक्त कर्मचारीहरुकालागि यस वर्ष रु. २२ लाख ७० हजार खर्च लेखे पनि दश प्रतिशतले हुन आउने रु.२ लाख लाख २७ हजार कट्टा गरी सोही वमोजिम पालिकाले समेत अवकासकोषमा रकम जम्मा गर्नुपर्नेमा गरेको छैन ।कानून बमोजिम कोष संचालन हुनुपर्दछ ।

२७ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट

हस्तान्तरित चालु पालिकाका चालुतर्फ १७ कर्मचारीको रु. ९१ लाख ४१ र स्वास्थ्य तर्फ रु.१ करोड ६३ लाख ४७ हजार गरी जम्मा रु.२ करोड ५४ लाख ८८ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म विभिन्न पदका ३६ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार ८ पदहरु रिक्त छन । रिक्त मध्ये ४ वडा सचिव रहेका छन। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२९ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।जिन्सी निरीक्षण गराएको भए पनि मर्मत तथा लिलाम गर्नुपर्ने उल्लेख भएका सामान मर्मत तथा लिलाम गरेको देखिएन । कानून बमोजिम मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५, ९६ र ९९ मा जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । साथै महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले स्वास्थ्य शाखा अन्तरगतका खर्च भएर नजाने प्रकृतिका मालसामान PAMS मा लेखांकन भएको पाइएन । अत: पालिका मातहत रहेका स्वास्थ्य लगायत सबै शाखाहरुमा रहेको खर्च भएर नजाने जिन्सी सामाग्रीहरु PAMS प्रणालीमा दाखिला गरी जिन्सी विवरण एकिकृत गर्नु पर्दछ ।

३० **यन्त्र उपकरण सञ्चालन**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ। उपकरण पालिका आफैले वा भाडामा सञ्चालन गर्ने सम्बन्धी कुनै कार्यविधि तयार नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।
रकम रु.हजार

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १ | जे.सि.वि | २००० | ५३८ | ३०० | ४३२१ | २८३८ | १४८३ |

३१ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १५ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३२ **आन्तरिक राजस्व सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।**

-कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको यकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाव मिलान गरेको छैन।

-आय ठेक्का अभिलेख नै नरहेको को कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली व्याज जरिवान यकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - राजश्व मलेपफा नं १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन ।

- स्थानीय उत्पादन निकासी कर लगाईएको पाईएन।

-वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानीलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ।

-पालिका भित्रका स्थायी लेखा नं लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन।

३३ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले लक्ष्य वमोजिम असुली हुन सकेको देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३४ **राजश्व असूली**-

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः गत वर्ष भन्दा यस वर्ष राजश्व घटेको देखिन्छ । राजश्व उठ्ने क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
|---|---|---|---|---|---|---|
| | २०८०।८१ | | | २०७९।८० | | |
| ११४३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ४०००० | ० | ० | ५०,०००.०० | १५२१३२.९७ | ३०४.२७ |
| ११३१३ सम्पती कर | ५५०००० | ५०७७८१.९९ | ९२.३२ | ५०००० | ५०६१९५ | १०१.२४ |
| ११३१४ भुमिकर/मालपोत | ५००००० | १५०४३४२.०१ | ३००.८७ | ४००००० | ६७६६१५.१२ | १६९.१५ |
| ११६९१ अन्य कर | ३००००० | ४०,७५६.०० | १३.५९ | ५००००० | २७६१८१ | ५५.२४ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३७००००० | ४३२५७० | ११.६९ | ३८००००० | २८३२१३६ | ७४.५३ |
| १४१९१ पर्यटन शुल्क | ३००००० | १४८४६० | ४९.४९ | २००००० | ११,२००.०० | ५.६ |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ४००००० | ५०० | ०.१३ | ५००००० | १२०९०५ | २४.१८ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | १७५५०० | ३५.१ | ५१७८२१ | १२१०४१५.९६ | २३३.७५ |
| १४२४३ सिफारिश दस्तुर | ४००००० | ८८०११९ | २२०.०३ | ४००००० | ५८५८०० | १४६.४४ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३००००० | ४४६७४४ | १४८.९१ | २००००० | ४५८८४५ | २२९.४२ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४५०००० | ५२०५२२ | ११५.६७ | ४५०००० | २८२०५० | ६२.६८ |
| १४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर | ७२५००० | ९,५७०.०० | १.३२ | ७५०००० | ४,०००.०० | ०.५३ |
| अन्य विभिन्न आम्दानी | ० | ० | ० | २००००० | २२५,०८९.०० | ११२.५ |
| | ८५२५००० | ४६६६८६५ | ९८९.१२ | ८४६७८२१ | ७३४१५६५.०५ | |

३५ **ढुङ्गा गिटी वालुवा विक्रि:**

पालिका अन्तर्गत राजश्वको क्षेत्रमा रहेको ढुङ्गा गिटी वालुवा विक्री सम्वन्धमा पहिचान भई IEE भएका पातिहाल्ना हरहरेखोला क्षेत्र अगावेशी हर्जा खोला क्षेत्रको १ लाख ११ हजार घन फिट को प्रदेशले तोकेको दर रु.६।० ले हुन आउने रु.६ लाख ६६ हजार मूल्यअभिवृद्धि कर समेतको लागि २०८० मैसिर २२ मा प्रथम पटक सूचना गरेकोमा मालिका भगवती निर्माण सेवालको रु.७ लाख ६४ हजारको प्रस्ताव स्वीकृत गरी सम्झौता भएकोमा सम्पुर्ण रकम आम्दानी भएको छ । भुक्तानी भएको रकम मध्ये बाँडफाँड गरी रु३ लाख ५ हजार प्रदेश संचितकोष दाखिला गरेको छ ।

३६ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नुपर्ने व्यवस्था छ। पालिकाले अनुसूची खण्डमा समावेश विवरण अनुसार आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु.८६ हजार ८४०असुल गरेकोमा सङ्घीय सञ्चित कोष दाखिला गरेको नदेखिएकोले उक्त रकम दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८६,८४० |

३७ **व्यवसाय कर**

पालिकाको आर्थिक ऐन, २०८० मा व्यवसाय कर लाग्ने व्यवस्था गरेको छ । पालिकाले राजस्व अभिलेख र प्रतिवेदनको लागि प्रयोग गरेको स्थानीय तह ERP प्रणाली अनुसार पालिका भित्रका विभिन्न कारोवार गर्ने बैङ्क, वित्तीय संस्था, सहकारी, होटेल, स्टेशनरी लगायत फर्मबाट पालिकाले व्यवसाय कर असुल गरेको पाईएन । आर्थिक ऐन अनुसार व्यवसाय कर असुल गर्नुपर्ने देखिन्छ ।

३८ **कानुनी सल्लाहकार**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।पालिकाले यस वर्ष एक जना कानूनी सल्लाहकार नियुक्त गरी मासिक रु.४३ हजार ६८९.का दरले चाडपर्व खर्च समेत रु.५ लाख ६७ हजार ९५७ पारिश्रमिक भुक्तानी दिएको छ । कानूनी प्रक्रिया पुरा गरेर त्यस्ता व्यक्ति नियुक्त गर्नु पर्दछ। साथै निजसंग गरिएको सम्झौतामा पर्व खर्च उपलब्ध गराउने व्यहोरा उल्लेख नभएकोमा रु.४३ हजार ६८९ सम्झौता विपरित लेखेको खर्च असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ४३,६८९ |
|---|---|

३९ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बीनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ७५ लाख ३२ हजार सुविधा वापत भुक्तानी भएको छ । यस्तो खर्च पालिकाको आन्तरिक आय रु४६ लाख ६६ हजार को १६१ प्रतिशत हुन आउँदछ ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष जना 8 | कार्यपालिका सदस्य 5 | सभाका सदस्य 24 | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | यातायात खर्च | ० | १४४००० | ९६०००० | ३६०००० | ८६४००० | २३२८००० |
| २ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | २८८००० | १८०००० | ७२०००० | १२६६००० |
| ३ | पुस्तक,पत्रीका,ईन्टरनेट | ४८००० | ४८००० | २८८००० | १८०००० | ५७६००० | ११४०००० |
| ४ | समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ५७६००० | ३००००० | ८६४००० | १९५६००० |
| ५ | अतिथि सत्कार | ३६००० | ३०००० | १९२००० | ० | ० | २५८००० |
| ६ | खानेपानी/बिजुली/सरसफाई | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| ७ | चाडपर्व खर्च | १५००० | १५००० | ९६००० | ५०००० | १६८००० | ३४४००० |
| ८ | अन्य भए उल्लेख गर्ने (मर्मतसंभार र विधुत ) | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| | जम्मा | ३८१००० | ४८९००० | २४००००० | १०७०००० | ३१९२००० | ७५३२००० |

४० **फिल्ड भत्ता** (१६०-२०८०-८-२६):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४१ **अग्रीम कर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,३०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **फिल्ड भत्ता:**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **भरपाई नभएको तथा वढी भुक्तानी:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५ र १०) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने तथा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। निम्नानुसारको खर्च गर्दा खर्च रकमलाई पुष्टि गर्ने प्रमाण नभएको तथा वढी भुक्तानी भएको पाईयो ।

४३.१ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,००८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४४ **एकल पुरुष भत्ता:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष प्रति एकल पुरुष रु.१ हजारका दरले वार्षिक एकल पुरुष भत्ता वापत रु.१२ लाख ८ हजार खर्च लेखेको पाइयो। आन्तरिक आय न्यून रहेको अवस्थामा वितरणमूखी बजेट विनियोजन गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्ने देखिन्छ ।

४५ **अनुगमन भत्ता:**

५३८।०८१।३।२१ विभिन्न समयमा भएको ९८ अनुगमन कार्यको रु१२ लाख ४३ हजार खर्च लेखेको पाइयो। सोको फाँटवारी परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन

• पालिकाले अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि तयार गरेको पाइएन । जसले गर्दा अनुगमन समितिमा सदस्य संख्या, काम, कर्तव्य अधिकार, अनुगमन विधि, अनुगमन तालिका, प्रतिवेदन र सो उपरको कारवाही सम्बन्धमा स्पष्टता देखिएन। सो सम्बन्धमा थप विश्लेषण गर्न सकिएन ।

अत: अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि तयार गरी सो अनुरुप कार्य गरी मात्र खर्च लेख्ने तर्फ ध्यान दिनु पर्दछ ।

४६ **दिवाखाजा बढी निकासा:**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३५,१६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,०७५** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४७ **बढी भुक्तानी:** (२५५-२०८१-३-१९):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४८ **पारीश्रमिक कर:** (२५७-२०८१-३-२०):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,९६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४९ **शिर्षक फरक:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायत्व नियमावली २०७७ को नियम ३८(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले स्वीकृत वजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा रहेर गर्नु पर्दछ र खर्च गर्न बाँकी छ भने सो को विचार गरी खर्च गर्ने र खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था गरेको छ । साथै स्थानिय तहबाट संचालन गरीने स्वास्थय तर्फका सशर्त अनुदान अन्तरगतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन आ.ब. २०८०।०८१ मा स्थानिय तहका स्वास्थ्य शाखा,स्वास्थय चौकी, प्राथमिक स्वास्थय केन्द्र,अस्पताल तथा आयुर्बेद औषधालायहरु मा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरबन्दी अनुशार तलब, र भत्ता मात्र खर्च लेख्ने मिल्ने ब्यवस्था छ ।पालिकाले निम्नानुसारका खर्चहरु समेत सोही शिर्षकबाट खर्च भुक्तानी भएकाले अनियमित देखिएको रु

| भौचार न।मिति | खर्च शिर्षक | रकम |
|---|---|---|
| १०९-०८०/११/२१ | औषधी ढुवानी र फिल्ड भत्ता | १७८३०० |
| २१२-०८१/०३/११ | औषधी ढुवानी र फिल्ड भत्ता | १७१६०० |
| २२७-०८१/०३/१६ | कार्यालय सामान | ४०१०६५ |
| जम्मा | | ७५०९६५ |

| अनियमित भएको | ७,५०,९६५ |
|---|---|

५० **अग्रीम कर** (२२२-२०८१-३-१६):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५१ **शिक्षकको तलव भत्ता अनुदान:**

अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ। कार्यक्रम कार्यान्वियन पुस्तिकमा स्थानीय तहले कार्यरत शिक्षकको तलवभत्ता निर्धारण गर्दा केन्द्रको चलानी नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेभसाइटमा प्रकाशित विवरण अनुसार यकिन भएको दरबन्दीलाई शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार दरवन्दी मिलान र व्यवस्थापन कार्य अध्यावधिक गरी दरवन्दी मिलानबाट कायम भएको दरबन्दी शिक्षक अनुदान कोटा राहत र प्रविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरूका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ । स्थानीय तहले कार्यान्वियन पुस्तिकाले तोके अनुसार दरवन्दी मिलान र व्यवस्थापन गरेको शिक्षक कर्मचारीको नियमानुसार पाउने तलवमान हिसाव गर्दा तलव भत्ता नपुग भएमा अनुसूची÷१ बमोजिमको फाराम भरी २०७९ माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गर्दा अप्रयाप्त हुने देखिएमा सिफारिस साथ २०७९ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकाश केन्द्र पठाई निकाशा भए बमोजिम अनुदान दिनुपर्ने व्यवस्था कार्यान्वियन पुस्तिकाले गरेकोमा यस स्थानीय तहका लागि स्वीकृत दरवन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक प्रशिक्षार्थीका लागि पालिका अन्तर्रगत ४६ विद्यालयमा कुल ८१७७ विद्यार्थी रहेकामा पालिकाले शसर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरवन्दी यकिन नगरी शसर्तका अतिरिक्त यसवर्ष पालिका अन्तरगतका विद्यालयहरुलाई ५२ शिक्षकका लागि रु.१ करोड ७९ लाख ५ हजार थप अनुदान गत वर्षको मौज्दात रकमबाट उपलब्ध गराएको देखियो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई राजस्व बाँडफाँड-सघीय सरकारबाट प्राप्त हुने रकमबाट यस्तो विद्यालयको शिक्षक कर्मचारीको तलवभत्तामा खर्च गर्न मिल्ने कानुनी आधार नदेखिएकोले उक्त खर्च रु.१ करोड ७९ लाख ५ हजार नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,७९,०५,००० |

५२ **बढि भुक्तानी:**

५९८।०८१।३।२३आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा विलभरपाई परीक्षण गरी भुक्तानी हुनुपर्ने व्यवस्था छ।आँखा उपचार केन्द्र (प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल) लाई च नं ७४।०८०।१२।६ बाट घर भाडा तथा कर्मचारी पारिश्रमिक वापत जम्मा रु.४,७६,३७६। माग गरेकोमा रु.५ लाख भुक्तानी गरेको देखिन्छ । माग भन्दा बढि भुक्तानी भएको रकम रु.२३६२४। असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,६२४ |

५३ **मर्मत आदेश:** (३६२-२०८१-१-२१):

३६२।०८१।१।२१ गौमुखी गाँउपालिका व्याक्हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ को बुँदा नं ५ मा रु.३० हजार भन्दा बढिको मर्मत गराउनु पर्ने भएमा उप समितिको बैठकबाट निर्णय गराइ मर्मत गराउनु पर्ने व्यवस्था उल्लेख छ। जे सि बि मर्मत खर्च वापत रु.१,१७,६२७। खर्च लेखेकोमा उप समितिको बैठकबाट निर्णय गराएको पाइएन ।

५४ **पाठयपुस्तक अनुदान बढी निकासा:**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,२९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,५३५**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०८० को मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ बर्थिङ सेन्टरमा गत वर्ष ३६५ थानको रु.३ लाख २६ हजार ६७२ र यस वर्ष ३५० थान को रु.३ लाख १३ हजार २३६ खरिद गरेकोमा गत वर्ष ४३८ जना र यस वर्ष ३२२ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा १९५ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५६ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी एक फर्मलाई रु.१२ लाख ९६ हजार भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

५७ **नि:शुल्क विशेषज्ञ स्वास्थ्य शिविर कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८ **मूल्य अभिवृद्धि कर:** (३६-२०८०-६-३०):

मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(ग) बमोजिम ठेक्का सम्झौता वा करार अन्तर्गत वस्तु तथा सेवा आपुर्ति हुंदा निर्माण ब्यवसायी, आपूर्तिकर्तालाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशत कर रकम कट्टि गरी उक्त रकम निजको नामवाट सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले पदमा अर्डर एण्ड सप्लायर्स (६०६३४०३८०) लाई सामान आपुर्तिवापतको रु.३,२७,९१५।० को कर रकममा तिस प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.११,३१७।० कट्टी गरी बाँकी भुक्तानी दिनुपर्नेमा कट्टी तथा दाखिला नभएकोले मूल्यअभिवृद्धि कर समायोजन पेश हनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,३१७ |

५९ **सिधै खरीद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम ४ वमोजिम रु. १ लाख भन्दा वढीको सोझै खरिद गर्नुपरेमा मौजुदा सुचीमा रहेका कम्तीमा ३ वटा आपुर्तिकर्ता वा सेवा प्रदायकवाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्न सक्नेमा निम्नानुसारको खरिद कार्यमा दरभाउपत्र वा प्रस्ताव माग गरेको देखिएन। खरिद नियमको व्यवस्था विपरित खरिद गरेको अनियमित देखिएको रु.

| भौ नं ।मिति | सेवा प्रदायक | कार्यक्रम | रकम |
|---|---|---|---|
| २८।०८०।६।२५ | वि एस शिक्षा तथा संचार केन्द्र प्रा लि | बालमैत्री स्थानीय शासन सम्बन्धी वडास्तरीय अभिमुखिकरण कार्यक्रम | २८२५००। |
| ५६।०८०।७।१ | वि एस शिक्षा तथा संचार केन्द्र प्रा लि | बाल क्लब/ संजालका पदाधिकारीहरुका लागि सीप विकास तथा जनचेतनामुलक कार्ययोजना निर्माण तालिम संचालन | १६९५००। |
| | जम्मा | | ७४५४६१ |

| | |
|---|---|
| अनियमित भएको | ७,४५,४६१ |

६० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाक ७ वडामा २७ योजना सञ्चालन गरी यस वर्ष ८९ जनालाई औसत ९५ दिनले ८४२५ दिन रोजगारी उपलव्ध गराई रु.५६ लाख २७ हजार ९०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

६१ **भुक्तानी दिन वाँकी:**

आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली २०६४ को नियम ३९(१५) मा भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये स्वीकृत दरवन्दीको तलब, महंगी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधी उपचार विरामी र बन्दीको सिधा, सेवा निबृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसंग भएको सम्झौताको खर्चको भुक्तानी बाँकी रहेमा चालु आ व को सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा सूचना प्रणालीमा प्रविष्ट गराइ भुक्तानी दिन सक्ने उल्लेख छ। पालिकाको मिति २०८०।३।२७ मा बसेको १९ औं कार्यपालिका बैठकबाट ६२ विभिन्न योजना, सवारी साधान भाडा, पारिश्रमिक, विविध खर्च, मसलन्द खर्च तथा कार्यालय सामाग्री वापत रु.१,८९,८८,५४५। भुक्तानी दिन बाँकीको कच्चावारी विवरण स्वीकृत गरेको पाइयो। उक्त चालु तथा पूँजीगत खर्च भुक्तानीको लागि पालिकाले यस वर्ष गाँउपालिकाले गाँउपालिका चालु तर्फ बजेट विनियोजन गरी चालु शिर्षकबाट खर्च लेखेको देखिन्छ। सो मध्ये निम्नानुसार २३ वटा शिर्षकमा गरेको निम्नानुसारको चालु प्रकृतिको खर्च रु.२२,२७,६०१। कानून बमोजिम भुक्तानी दिन बाँकी प्रमाणित गर्न मिल्ने नदेखिएको अनियमित रु.

| सि नं | कार्यक्रमको नाम | कारोवारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| १ | आर्थिक सहयोग | प्यूठान उद्योग वाणिज्य संघ | प्यूठान उद्योग वाणिज्य संघ | ५०००० |
| २ | विविध खर्च | खाना तथा नास्ता | हिमतिखाचुली होटेल | २७३०० |
| ३ | मसलन्द चर्च | मसलन्द खर्च | हरि बहादुर खत्री | २५००० |
| ४ | विविध खर्च | खाना तथा नास्ता | समिर होटेल एण्ड किरान पसल | २६००० |
| ५ | विविध खर्च | खाना तथा नास्ता | बल बहादर जि सी | ११४५०० |
| ६ | विविध खर्च | खाना तथा नास्ता | पौडेल होटेल | ८५२५ |
| ७ | विविध खर्च | खाना तथा नास्ता | किरण के सी | १२३००० |
| ८ | विविध खर्च | खाना तथा नास्ता | कृष्ण प्र न्यौपाने | ५९२५० |
| ९ | मसलन्द खर्च | मसलन्द खर्च | क्वान्टम अर्डर एण्ड सप्लार्यस | ८१४५० |
| १० | मसलन्द खर्च | मसलन्द खर्च | A TO Z | ९६८४२ |
| ११ | मसलन्द खर्च | मसलन्द खर्च | एम एस एडभरटाइजिङ्ग | ४४३४१ |
| १२ | मसलन्द खर्च | मसलन्द खर्च | यु एन टेक्नोलोजी | ४५२०० |
| १३ | मसलन्द खर्च | मसलन्द खर्च | सुयोग ट्रेड लिंक | ३९३५३ |
| १४ | मसलन्द खर्च | मसलन्द खर्च | हाइनिक्स ब्रदर्श | १४००० |
| १५ | मसलन्द खर्च | मसलन्द खर्च | हाइनिक्स कम्यूनिङ्ङ्ग सिस्टम | ८६०० |
| १६ | मसलन्द खर्च | मसलन्द खर्च | स्टार मल्टी स्टोर | ९५०३० |
| १७ | पत्र पत्रिका विभिन्न | पत्र पत्रिका विभिन्न | पत्र पत्रिका मिडिया रेडियो | २५०००० |
| | | | जम्मा | ११०८३९१ |

अत: कानूनले तोकेको खर्च शिर्षक बाहेक भुक्तानी दिन बाँकीको कच्चावारी विवरण स्वीकृत गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| अनियमित भएको | ११,०८,३९१ |
|---|---|

६२ **अधुरो ठेक्काः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ तथा सार्वजिनक खरिद नियमावली २०६४ को नियम १२०(११) र १२८ अनुसार ती ठेक्काहरुको पेश्की जमानी प्राप्ती गर्ने, ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाउने, ठेक्का तोडने, कार्यसम्पादन जमानी प्राप्ती गर्ने, कालोसूचीमा राख्ने र काम पूरा गर्न नपुग रकम भराउने व्यवस्था छ। पालिका अन्तरगत पासावाङ खानेपानी तथा सरसफाई योजनाको आर्थिक वर्ष २०७६।७७ मा लागत अनुमान रु.२९ लाख २२ हजार स्वीकृत गरी वोलपत्र गरेकोमा रु.२६ लाख ७० हजार कवोल गर्ने वि.के.जु. निर्माणसेवा संग २०७७ आषाढ मसान्त सम्म सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा प्रथम विलको रु.१६ लाख भुक्तानी भएको भए पनि कार्य सम्पन्न भएको देखिएन। निर्माण व्यवसायीहरुले कार्यतालिका र सम्झौता अनुसार काम नगरेका कारण कार्य सम्पन्न हुन सकेको देखिएन ।निर्माण कार्य अन्तर्गत २ वटा खानेपानी टंकी निर्माण तथा ३६०० मी. पाईप लाईन को कार्य भए पनि हाल सम्म प्रयोगहिन अवस्थामा रहेको छ। कार्यसम्पादन जमानीको म्याद समाप्त भएकोमा म्याद थप नभएको तथा ठेक्काको म्याद समेत थप भएको देखिएन। संघीय शसर्त अन्तरगतको वजेटको योजना भएकोले अर्को वर्ष सोही योजनामा वजेट नपरेका कारण ठेक्का सम्पन्न हुन नसकेको कार्यालयको भनाई रहेको छ।यस सम्वन्धमा छानविन गरी खरिद ऐन तथा नियमावली वमोजिम योजना सम्पन्न गर्नुपर्ने देखिन्छ ।

## ६३ उपभोक्ता समितिको काम

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अन्तर्गत कार्यालयले यस वर्ष सडक, सिंचाई, खानेपानी लगायतका १०४ टुक्रा काम उपभोक्ता समितिबाट गराई रु३ करोड ५३ लाख २८ हजार भुक्तानी दिएको छ । यसको लेखापरीक्षणबाट निम्न व्यहोराहरु देखिएका छन् ।

### ६३.१ उपभोक्ता समितिलाइ मूल्य अभिवृद्धि कर:

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर कट्टी गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिबाट हुने कार्यमा निर्माण कार्यमा प्रयोग हुने सिमेन्ट, रड, साल काठ ,जस्ता पाता र ईट्टामा मूल्य अभिवृद्धि कर जोडी लागत अनुमान तयार गरी सोही वमोजिम संझौता गरेकोमा कार्यमूल्यांकन पश्चात मूल्यांकन भएको परिमाणमा खपत भएको निर्माण सामाग्रीमा समावेश भएको मूल्य अभिवृद्धि कर भन्दा घटी रकमको मूल्य अभिवृद्धि कर तिरेको कर विजक पेश हुँदा समेत मूल्यांकन अनुसारको पुरै रकम भुक्तानी दिएको देखिएकोले उपभोक्ताले वास्तविक तिरेको भन्दा बढी मुल्य अभिबृद्धि कर रकम असुल गर्नुपर्ने रु.

| भौ.नं.मिति | योजना | प्रयोग भएको निर्मण सामाग्री | मू.अ.कर भुक्तानी | विल पेश भएको | वढी मू.अ.कर |
|---|---|---|---|---|---|
| ६१।८१।३।२१ | वेशिवन भवन निर्माण | ईट्टा | २८२३६ | १६३८८ | ११८४७ |
| २९।८०।१२।६ | वाईसे प्रा.वि भवन निर्माण | ईट्टा | ३५५५ | २५५२ | १००३ |
| १४६।८१।३।१९ | भृकुटी मा.वि. ग्याविन | ग्याविन | ३७१६९ | १७१०५ | २००६३ |
| जम्मा | | | ६८९६० | ३६०४५ | ३२९१३ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३२,९१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

### ६३.२ उपभोक्ताको कामको गुणस्तर व्यवस्थापन

सार्वजनिक खरिद नियमावलीको नियम १११ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा सडक, सिचाइ, खानेपानी, भवन, निर्माण आदि उपभोक्ता मार्फत कार्य गराउँदा निर्माण सामाग्री परीक्षण गराएको पाइएन। साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिएन। उपभोक्ताको कार्यको अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन। यसमा सुधार गर्नु पर्दछ ।

### ६३.३ उपभोक्ता समितिको कार्य निर्माण व्यवसायीबाटः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितिबाट सन्चालन हुने निर्माण कार्यमा डोजर एक्साभेटर जस्ता हेभि मेशिनहरु प्रयोग गर्न नपाउने तर यदि लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएमा सम्बन्धित प्राबिधिकको सिफारिसमा मेशिन प्रयोग गर्न सक्ने ब्यबस्था छ। नियमावलीको यो प्राबधान अनुसार उपभोक्ताको सहभागिता आबश्यक नपर्ने शत प्रतिशत मेशिनबाट सडक ट्र्याक खोल्ने र बिस्तारको कार्य उपभोक्ताबाट नगद सहभागिता नगराइ मेशिन मात्र प्रयोग गर्नेगरी लागत अनुमान तयार तयार गर्दा नै स्पस्ट आधार र कारण खोल्नुपर्नेमा सो खुलाएको देखिएन। सोही नियमावलीको उपनियम (१३क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समितिलाइ भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफरिस गर्नुपर्ने व्यवस्था छ। नमुना छनौटको आधारमा परिक्षण गर्दा कार्यालयले यस वर्ष निम्नानुसारका सडकको माटो र चट्टान समेत काटी सडक बिस्तार गर्ने कार्यको उपभोक्ता समितिसँग सम्झौता गरेको देखियो। उपभोक्ता समितिले उक्त योजनामा उपभोक्ताको

नगद सहभागिता नगराइ शत प्रतिशत मेसिनबाट कार्य सम्पन्न गरेको पेश भएका बिल भर्पाइबाट देखिन्छ। मेशिन प्रयोगको घण्टा, कामको परिमाण, दर, उल्लेख नभएको निर्माण ब्याबसायीको कर बिजक संलग्न गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। यसरी उपभोक्ता समितिले खातामा रकम जम्मा गरी एकाउन्टपेयी चेकबाट निर्माण ब्याबसायीलाइ रकम भुक्तानी नगरी मुल्यांकन रकमको हाराहारीको कर बिजक पेश गरेको अबस्थामा कार्यालयले उक्त कार्य निर्माण ब्याबसायीबाट गराए नगराएको सम्बन्धमा अनुगमन गरी उपभोक्ताको लागत नदेखिदा उपभोक्ता समितलाई कारवाही गरेको देखिएन। खरिद कानून बमोजिम उपभोक्ताको सहभागिता हुने कार्य मात्र उपभोक्ता समितिबाट गराउनु पर्दछ ।

| भौचर नं र मिति | योजनाको नाम | प्राविधिक मूल्याङकन | निर्माण व्यवसायी | निर्माण व्यवसायीको विल रकम | उपभोक्तालाई भुक्तानी |
|---|---|---|---|---|---|
| ७४।८०।१२। २१ | हाडेओखर ग्लङछङ मोटरवाटो | ५३६१५४ | हरियाली निर्माण सेवा | ५३२८४४ | ४७८५०० |
| ७३।८०।१२। २१ | वाईचौर डाडागाउँ मोटरवाटो | ५३१२४८ | हरियाली निर्माण सेवा | ५२७२२२ | ४७७९६० |
| १९।८१।१।२३ | दाङवाङ मोटरवाटो | ५१४१६१ | हरियाली निर्माण सेवा | ५३३४७७ | ४६२६१९ |
| ९७।८०।९।२३ | भोम्ली ग्लङछङ हुँदै गुल्मी | ५३५६१८ | हरियाली निर्माण सेवा | ५३२८६५ | ४९७९९४ |
| ११४।८१।२।७ | कोर्वान मोटरवाटो निर्माण | ५३७६०४ | हरियाली निर्माण सेवा | ५३३४५५ | ४९९२४१ |
| १३३।८१।१। २७ | नेटा भूषाल मोटरवाटो | ५३२५६८ | के.टी.एम. निर्माण सेवा | ५२७९५६ | ४९९३८० |
| १०१।८१।१। २३ | खालवाङ देउराली हुँदै वाग्लुङ | ५३३३३३ | हरियाली निर्माण सेवा | ५२८३७१ | ४९९९६६ |
| ११८।८१।२।९ | रजवारा गाउँ लामपाटा डिही मोटरवाटो | ५३३८०१ | हरियाली निर्माण सेवा | ५२८८०२ | ४९९६४० |
| १३७।८१।३। ११ | दाङवाङ लोकछहरा मोटरवाटो | ५३२१७१ | के.टी.एम. निर्माण सेवा | ५२७१७१ | ४९६८०१ |
| जम्मा | | | | | ४२२०४०४ |

६४ **परामर्श सेवा**

पालिकाले परामर्शसेवा खरीद सम्बन्धमा देखिका ब्यहोराहरु निम्न अनुशार छन्

६४.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न निम्नानुसारको रु.२९ लाख ९२ हजार २४० को परामर्श सेवा लिएको देखिन्छ ।

| क्र सं. | भौचर नं र मिति | विवरण | परामर्सदाता | भुक्तानी रकम | कार्यान्वयन अवस्था |
|---|---|---|---|---|---|
| १ | ७६।८०।१२।२२ | जग्गा वर्गीकरण | डेल्कन ईन्टरनेसनल | १४९४९९० | जग्गा वर्गीकरण भएको |
| २ | ५५९।८१।३।२१ | विद्यालय भवन तथा कभर्ड हल DPR | ब्रीक कन्सल्टेन्ट | १४९७२५० | कार्यान्वयन |
| | | जम्मा | | २९९२२४० | |

६४.२ **लागत अनुमान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ । नर्मस निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्दछ

६४.३ **विज्ञको उपस्थिति**

परामर्श सेवा प्रदान गर्न निम्नानुसार परामर्शदाताहरुले कार्य गर्ने उल्लेख भएकोमा सम्झौता वमोजिम विज्ञहरुको संलग्नता पुष्टि हुने प्रमाण संलग्न हुनुपर्दछ ।

- पालिकामा प्राविधिक कर्मचारीहरुको दरवन्दी रहेकोमा पालिका स्तरीय योजनाको डि.पि.आर.तयार वाह्य परामर्शदातावाट कार्य गराएको, हाल सम्म भएका डि.पि.आर.प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन । पालिकाको कर्मचारीले गर्न नसक्ने अवस्थामा मात्र परामर्श सेवा लिने तथा तयार भएका प्रतिवेदनको अभिलेख व्यवस्थित गरेर राख्नुपर्दछ ।
- पालिकाले उल्लेखित कार्यको लागि लागत अनुमान स्वीकृत गरी एउटै पत्रमा सबै परामर्शदाताहरुको नाम उल्लेख गरी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी सोही अनुसार खरिद गरेको छ ।एउटै पत्रवाट प्रस्ताव माग गरेकोले प्रतिस्पर्धा सिमित भएको छ । छुट्टा छुटै पत्रवाट प्रस्ताव माग गरी परामर्श सेवा लिनुपर्दछ ।

६५ **अग्रिम कर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१९,८७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६६ **अस्पताल निर्माण कार्य:**

१५ शय्याको अस्पताल भवन निर्माणका लागि रु.१९ करोड ३९ लाख ६१ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र भएकोमा रु.१९ करोड ५ लाख ९९ हजार कबोल गर्ने महादेव, खिम्ती, आँशु मल्लरानी जे.भी.संग २०७९।१।१५ मा २०८१।१।१४ भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा गत वर्षको रु.४ करोड ७ लाख ६ हजार ३५४ समेत रु.१० करोड ७८ हजार भुक्तानी भएको छ। यस सम्वन्धमा देखिएको वाँकी व्यहोरा देहायमा उल्लेख छन:

६६.१ **नापी भन्दा वढी भुक्तानी:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम प्राविधिक नापजाच गरी वास्तविक कार्य सम्पादनको आधारमा विलको भुक्तानी हुनुपर्दछ। निर्माण व्यवसायीलाई भुक्तानी गर्दा वास्तविक कामको नापीको आधारमा भुक्तानी हुनुपर्नेमा निम्नानुसार नापी भन्दा वढी भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम रु.११ लाख ११ हजार ३७४ असुल हुनुपर्ने रु.

| आईटम नं. | कामको विवरण | परिमाण | नापी अनुसारको परिमाण | भुक्तानी परिमाण | वढी परिमाण | दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ७ | मेसिद्धारा जग खन्ने काम | घ.मी | ४९५८.५९ | ५०११ | ५२.५० | २०० | १०५०० |
| ११ | सोलिङ्ग सम्वन्धि काम | घ.मी | ४०५.७९ | ४१६ | १०.५० | १५०० | १५७५० |
| १२ | पि.सि.सि.१:२:४ | व.मी | २०२८.९६ | २०८१ | ५२.५० | ६०० | ३१५०० |
| १३ | आर.सी.सी. M20 | घ.मी | १८८७.९९ | १९०९ | २१.०० | १८००० | ३७८०७२ |
| १४ | छडको काम | मे.टन | २९५.९१ | २९७ | १.४० | १२०००० | १६५६०० |
| १५ | फर्माको काम | व.मी | ६४९९.९९ | ७३५० | ८४९.९० | ६०० | ५०९९५२ |
| | जम्मा | | | | | | १११११३७४ |

| असुल गर्नुपर्ने | ११,११,३७५ |
|---|---|

६६.२ मूल्य समायोजनः

खरिद नियमावाली २०६४,को नियम ११९ को उपनियम २ (ख) मा सम्पन्न भएको कामको काममा लागेको श्रम,सामाग्री र उपकरणको मात्र मुल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने र सोहि अनुसार सम्झौतामा उल्लेख गरी मूल्य समायोजन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रथम विलको मूल्य समायोजन गरेकोमा फरक ईन्डेक्स प्रयोग गरेकोले निम्नानुसार वढी भुक्तानी भएको छ । वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| भुक्तानी भएको समायोजन फ्याक्टर | समायोजन हुनुपर्ने समायोजन फ्याक्टर | फरक | विल रकम | वढी समायोजन | मू.अ. कर समेत वढी समायोजन |
|---|---|---|---|---|---|
| ०.१८ | ०.१८ | ० | ३६०२३००८ | १०८०६९ | १२२११७ |

| असुल गर्नुपर्ने | १,२२,११७ |
|---|---|

६६.३ **कार्यतालिका:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १ को (ख) तथा खरिद सम्झौताको सर्त वमोजिम निर्माण व्यवसायीले पेश गरेको कार्यतालिकाको कार्यान्वयन हुनुपर्दछ ।सम्झौताको सर्त वमोजिम अस्पताल निर्माणको पेश भएको कार्यतालिका वमोजिम कार्य सम्पन्न भई सक्नुपर्ने अवधिमा कार्य सम्पन्न भएको देखिएन। कार्य सम्पन्न हुने अविधमा संरचनाको निर्माण पुरा भएको भए पनि फिनीसिङ्गका कार्यहरु सुरु भएको देखिएन।साथै निर्माण सम्पन्न हुनुपर्ने अवधि समाप्त भए पनि म्याद थपको निवेदन नदिएको तथा संसोधित कार्यतालिका पेश भएको छैन।खरिद कानुन तथा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न हुनुपर्दछ ।

६७ **समपुरक अनुदानः**

समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा (६) अनुसार आयोजना तथा कार्यक्रमको कुल लागतको अधिकतम पच्चास प्रतिशत रकम समपूरक अनुदान दिने व्यवस्था छ । समपुरक अनुदान अन्तर्गत खर्चको ५०,५० प्रतिशत व्यहोर्नेगरी कार्यक्रम स्वीकृत भएकोमा निम्नानुसार प्रदेश तर्फको मात्र रकम खर्च भएकोले पालिकाले व्यहोर्नुपर्ने रु.१४ लाख ५८ हजार ३२ प्रदेश संञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| क्र. सं | योजना | खर्च जम्मा रु | प्रदेशवाट खर्च रकम | पालिकावाट खर्च हुनुपर्ने | पालिकावाट खर्च भएको | प्रदेश फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| | | हजारमा | | | | |
| १ | काउले भृकुटटी सडक | २९१६०६४ | २९१६०६४ | १४५८०३२ | ० | १४५८०३२ |
| | जम्मा | २९१६०६४ | २९१६०६४ | १४५८०३२ | ० | १४५८०३२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,५८,०३२ |

६८ **वीमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.२० लाख भन्दा वढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, मेसिन/औजार, कामदार, निर्माण कार्यको वीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष ठेक्का लगाएका निम्न निर्माण कार्यमा वीमाको व्यवस्था भए पनि वीमा गराएको पाईएन । खरिद नियमावली तथा खरिद सम्झौता वमोजिम वीमा गराउनुपर्ने देखिन्छ ।

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायी | कुल काम भएको रकम | वीमामा व्यवस्था भएको रकम |
|---|---|---|---|---|
| १ | अर्खा रजवारा सडक यो | ओसन ई कन्सल्टेन्सी क.प्रा.लि. | २३४८५१४।० | २०००० |
| २ | नरीकोट लिफ्ट खा पा यो | वि. विल्डर्स | २२९१९०८।० | २०००० |

६९ **वढी पेश्की -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (१) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायी वा आपुर्तिकर्तालाई बैंक जमानत लिई बीस प्रतिशतमा नवढ्नेगरी पेशकी दिन सक्ने व्यवस्था रहेको छ ।त्यस्तै खरिद सम्झौताको विशेष सर्तमा पेश्की रकम मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम वाहेको रकमको बीस प्रतिशत दश, दश प्रतिशतको दरले दिन सक्ने व्यवस्था रहेकोमा निम्नानुसारका निर्माण व्यवसायीलाई खरिद ऐन तथा खरिद सम्झौता विपरित निम्नानुसारका निर्माण व्यवसायीलाई वढी पेश्की दिएको पाईयो ।

| पेश्की लगेको मिति | निर्माण कार्य | पेश्की लानेको नाम | सम्झौता रकम | पेश्की पाउने | पेश्की रकम | वढी पेश्की |
|---|---|---|---|---|---|---|
| २८।८१।२।१८ | नरीकोट लिफ्ट खा पा यो | वि. विल्डर्स | २५२६३६९ | ५०५२७३ | ५८०००० | ७४७२६ |
| ९।८०।१०।२९ | पातिहाल्ना कुमालधारा खुङ सडक | विपिन निर्माण सेवा | ५६५११२३ | ११३०००० | १२८०००० | १५०००० |
| १५।८०।१२।१२ | दहका वगर सिंचाई योजना | वाग्दुला कन्ट्रक्सन | ४५२८३७९ | १०३४००० | ९०५००० | १२९००० |

यसरी खरिद ऐन तथा खरिद सम्झौताको सर्त विपरित वढी पेश्की गएको छ। यसरी खरिद ऐन तथा खरिद सम्झौता विपरित पेश्की वढी दिदा आर्थिक अनुशासन कमजोर भएको छ । पेश्की दिदा खरिद कानुन तथा खरिद सम्झौताको पालना हुनुपर्दछ ।

७० **विज्ञापन:**

विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६ क को उप दफा ३ र ४ वमोजिम विज्ञापन वापतको रकम भुक्तानी गर्दा भुक्तानी रकमको तिन प्रतिशत रकम कट्टा गरी विज्ञापन वोर्डको खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। निम्नानुसार विज्ञापन वापत रकम भुक्तानी भएकोमा उक्त व्यवस्था वमोजिम कट्टा गरी वोर्डको खातामा दाखिला भएको नपाईएकोले असुल गरी सम्वन्धित खातामा दाखिला हुनुपर्ने देखिएको रु.

| क्र.सं. | गो भौ नं. र मिति | फर्मको नाम | भुक्तानी रकम | तिन प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| १ | १४।८०।१२।१४ | सम्भव मिडीयालाई सूचनाको भुक्तानी | १२११४९।० | ३२१६ |
| २ | ३।८०।८।१७ | जोर्डन मल्टिपल सूचनाको भुक्तानी | १०९१५८।० | २८९८ |
| ४ | ३।८०।९।२७ | अतिथि मिडीया सूचनाको भुक्तानी | १०४४१२।० | २७७२ |
| | १२९।२।२६,१०९।१।२५ | मेचीकाली सन्देश सूचनाको भुक्तानी | १२२०४९ | ३२४० |
| | | जम्मा | | ३२१६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२१६ |

७१ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. १० लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य मितव्ययी हुन सकेको छैन । सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा गर्न तर्फ ध्यान दिनुपर्दछ। सोझै खरिद गरेको उदारण निम्न छन।

| क्र सं. | भौचर नं र मिति | विवरण | निर्माणव्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | २०।८१।१।२५ | दुलाखर्कवस्ती भुक्षय नियन्त्रण | कुलमाक्रे निर्माण सेवा | ९७८३९२ |
| २ | ५२।८१।३।२० | तामाखानी मोटरवाटो | महेन्द्र निर्माण सेवा | ९३५१८० |
| ३ | ४७।८१।३।१० | काउले भृकुटी सडक | शुभका कन्ट्रक्सन | ९९४७४४ |
| ४ | ४०।८१।३।४ | सुन्दरमेला देउराली मोटरवाटो | वि.के.जु. निर्माण सेवा | ९४९४८७ |
| ५ | ५३।८१।३।२० | दहकुला सिंचाई कुलो निर्माण | चन्दनवन वील्डर्स एण्ड सप्लायर्स | ९५५१६७ |
| | गा पा पुँजिगत | | | |
| ६ | २।८०।८।२२ | सडक निर्माण | न्यू हिमालयन निर्माण सेवा | ५२९७४८ |
| ७ | ४२।८०।१२।८ | पैरामाक्रे मोटरवाटो निर्माण | मे.टी.एम. निर्माण सेवा | २१२३४१ |
| ८ | ४८।८०।१२।१४ | डेक्सटप कम्प्युटर | आरुषि ट्रेड एण्ड सप्लायर्स | ५६५०५६ |
| ९ | १३३।८१।३।२ | डेक्सटप, ल्यापटप कम्प्युटर | टेलिईलेक्ट्रोनिक्स ईन्टरनेसनल | ९८८००० |
| १० | १३४।८१।३।२ | फर्निचर फर्निसिङ | राजडेकोर होम | ९८१६८७ |
| | जम्मा | | | ८०८९८०२ |

७२ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. ६६ लाख ४४ हजार ९९४ बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| १ | २ | ४ | ५ | १५=(९+१२) | १६=(११+१४) | १७=(१५+१६) |
| १ | १। ०४/०१/२०८० | नारिकोट विद्युत मिटर वितरण कार्यक्रम | जुमानसिंह जि सी | ० | १००००० | १००००० |
| २ | ५२४। ०३/१८/२०८१ | विद्युत मिटर जडान कार्यक्रम | सृजना थापा | | १३०००० | १३०००० |
| ३ | १२४। ०२/१९/२०८१ | गाउँपालिका प्रशासनिक भवन निर्माण | मल्लरानी कन्स्ट्रक्सन प्रा.लि. | ४८५०००० | ० | ४८५०००० |
| ४ | ३०१। १२/१६/२०८० | जिल्ला अस्पत्ताल डायलोसिस सेवा सहयोग | प्यूठान अस्पताल विकास स | ० | ३५०००० | ३५०००० |
| ५ | ३२६। १२/२२/२०८० | कार्यक्रम खर्च | भ्यू प्वाइन्ट मिडिया प्रा.लि. | ० | २५००० | २५००० |
| ६ | १। ०४/०१/२०८० | रातामाटा झो.पु. गौमुखी ४, वाग्लीबांग, दोभान खोला, तमुखोला तिखाचुली, गैरीखेत झो.पु. ७ र ५, दोभान खोला, झो.पु, गौमुखी गाउँपालिका, प्युठान | तिखाचुली खोला ट्रस निर्माण उ स | ० | २७४६३५ | २७४६३५ |
| ७ | १। ०४/०१/२०८० | रातामाटा झो.पु. गौमुखी ४, वाग्लीबांग, दोभान खोला, तमुखोला तिखाचुली, गैरीखेत झो.पु. ७ र ५, दोभान खोला, झो.पु, गौमुखी गाउँपालिका, प्युठान | दोभान खोला झो पु निर्माण उ स | ० | ३८७३३३ | ३८७३३३ |
| ८ | १। ०४/०१/२०८० | रातामाटा झो.पु. गौमुखी ४, वाग्लीबांग, दोभान खोला, तमुखोला तिखाचुली, गैरीखेत झो.पु. ७ र ५, दोभान खोला, झो.पु, गौमुखी गाउँपालिका, प्युठान | बाग्लिबाङ्ग झो पु निर्माण उ स | ० | ५२८०२६ | ५२८०२६ |
| | | | जम्मा | ४८५०००० | १७९४९९४ | ६६४४९९४ |

| | |
|---|---|
| पेश्की | १७,९४,९९४ |

७३ **कार्यक्रम नर्म्स**

तालिम, गोष्ठी, सेमिनार संचालनमा देखिएका ब्यहोराहरु निम्न अनुशार छन्

७३.१ तालिम, गोष्ठी, सेमिनार, कार्यशाला संचालन सम्बन्धी संघीय, प्रादेशीक तथा स्थानीय सरकारहरुले आ आफ्नो खर्चको मापदण्ड, कार्यविधि, निर्देशिकाहरु स्वीकृत गरी कार्यान्वयनमा रहेको देखिन्छ । हाल प्रयोगमा रहेको कार्यसंचालन निर्देशिका २०७७, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ तथा पालिकास्तरमा स्वीकृत गरेको सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा निम्नानुसार खर्च शिर्षकहरुमा भिन्नता रहेको पाइएकोले सो सम्बन्धमा एकरुपता कायम गर्नु पर्ने देखिन्छ ।

| विवरण | कार्यसंचालन निर्देशिका २०७७ (संघीय) | सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ (प्रादेशिक) | सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका (पालिकास्तर) | कैफियत |
|---|---|---|---|---|
| प्रशिक्षक भत्ता (प्रवचन र कार्यपत्र समेत) | १३००-२२०० | अधिकतमरु३५००। | अधिकतम रु३४००। | सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक पाइने छैन । तर कार्यपत्र वापतको रकम पाउनेछभन्ने व्यहोरा पालिकासतर निर्देशिकामा हटाइएको र प्रवचन समेतको भुक्तानी गरिएको |
| तालिम संयोजक भत्ता | ३००-५०० | १००० | १००० | |
| सहयोगी भत्ता | १५० | ५०० | ५०० | |
| सहभागी भत्ता | ० | | ८०० | १ दिने तालिममा समेत |
| प्रतिवेदन | १००० | १००० | १००० | |
| प्रस्तावना | ० | ० | १००० | |
| अध्यक्षता | ० | ० | १००० | |
| अनुगमन | ० | ० | १००० | |
| खाजा | २०० | ३०० | ३५० | |
| खाना | | ७०० | ८०० | |
| मसलन्द सामाग्री | ५०-१०० | १०० | १०० | |

७३.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७३.३ (550-२०८१-२-२०):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७४ **रेडियो सन्देश:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७५ **शिर्षक फरक:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) बमोजिम सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । रकम भुक्तानी गर्दा सम्बन्धित खर्च शिर्षकबाट खर्च लेख्नु पर्नेमा निम्नानुसार फरक पारी खर्च लेखेको अनियमित देखिएको रु.

| भौ नं।मिति | खर्च लेख्न पाउने शिर्षक | खर्च लेखेको शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| ४२९।०८१।२।२३ | मसलन्द तथा कार्यालय सामाग्री | अनुगमन मूल्यांकन | ५५७०० | हवाइ भाडा भुक्तानी |

| | |
|---|---|
| अनियमित भएको | ५५,७०० |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
| --- | --- | --- |
| १ | **उपभोक्ता समितिलाइ मूल्य अभिवृद्धि कर:**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर कट्टी गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिबाट हुने कार्यमा निर्माण कार्यमा प्रयोग हुने सिमेन्ट, रड, साल काठ ,जस्ता पाता र ईट्टामा मूल्य अभिवृद्धि कर जोडी लागत अनुमान तयार गरी सोही वमोजिम संझौता गरेकोमा कार्यमूल्यांकन पश्चात मूल्यांकन भएको परिमाणमा खपत भएको निर्माण सामाग्रीमा समावेश भएको मूल्य अभिवृद्धि कर भन्दा घटी रकमको मूल्य अभिवृद्धि कर तिरेको कर विजक पेश हुँदा समेत मूल्यांकन अनुसारको पुरै रकम भुक्तानी दिएको देखिएकोले उपभोक्ताले वास्तविक तिरेको भन्दा बढी मुल्य अभिबृद्धि कर रकम असुल गर्नुपर्ने रु. | 11847.00 |

| भौ.नं.मिति | योजना | प्रयोग भएको निर्मण सामाग्री | मू.अ.कर भुक्तानी | विल पेश भएको | वढी मू.अ.कर |
| --- | --- | --- | --- | --- | --- |
| ६१।८१।३।२१ | वेशिवन भवन निर्माण | ईट्टा | २८२३६ | १६३८८ | ११८४७ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गौमुखी गाउँपालिका, प्युठान , गौमुखी गाउँपालिका , प्यूठान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दुर्गा प्रसाद सुवेदी | २०७९-१२-२१ | २०८०-४-२८ |
| कार्यालय प्रमुख | तुल्सीराम पौडेल | २०८०-४-२८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | छविलाल सुनार | २०७८-५-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,७३९,०२८ | २०,८९०,५१७ | ७,४१३,०९३ | ० | ० | १,७९४,९९४ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३१,८३७,६३२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६,२१३,०३९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ११,८४७ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २५,६३६,४४० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १५३४१६०६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २९५०९७४२५ | चालु खर्च | ३२८५२२६१३ |
| प्रदेश सरकारबाट अनुदान | २४२६२२०८ | पूँजीगत खर्च | ८९९२८४६० |
| राजश्व बाँडफाँट | ९०४९७४९२ | वित्तीय/अन्य व्यवस्था | १७३८६६२५८ |
| आन्तरिक आय | ८४६८१२१.० | | |
| अन्य आय | १७६०६२८१२ | | |
| कुल आय | ५९४३८८०५८ | कुल खर्च | ५९२३१७३३१ |
| बाँकी मौज्दात | | १७४१२३३३ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउनुपर्दछ ।